जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २३७ | २०८२ साल चैत २९ गते आईतवार | Sunday-12-April-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## ट्राफिक प्रहरीको सक्रियताः चर्को आवाज निकाल्ने तीन मोटरसाइकल नियन्त्रणमा

*शुभ आरम्भ संवाददाता*
*चैत, २८ रौतहट*

सवारी दुर्घटना न्यूनीकरण तथा ध्वनि प्रदूषण नियन्त्रण गर्ने उद्देश्यका साथ रौतहट जिल्लामा ट्राफिक प्रहरीले आफ्नो सक्रियतालाई व्यापक बनाएको छ । जिल्लाको सदरमुकाम गौर लगायत विभिन्न संवेनदशिल क्षेत्रहरूमा ट्राफिक प्रहरीले आकस्मिक चेकजाँचलाई तीव्रता दिएको हो ।

यसै अभियान अन्तर्गत शनिबार जिल्ला प्रहरी कार्यालय गौरको मुख्य प्रवेशद्वार अगाडि विशेष चेकजाँच सञ्चालन गरिएको थियो। जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रहरी सहायक निरीक्षक रामबली महतोको कमाण्डमा खटिएको टोलीले सडकमा गुडिरहेका सवारी साधनहरूको प्राविधिक पक्ष र कागजपत्रको सुक्ष्म निरीक्षण गरेको थियो। निरीक्षणका क्रममा कम्पनीले जडान गरेको साइलेन्सर परिवर्तन गरी चर्को र कानै खाने आवाज निकाल्ने ( मोडिफाइड) साइलेन्सर जडान गरिएका ३ वटा मोटरसाइकल फेला परेका छन् । सर्वसाधारण र बिरामीहरूलाई समेत प्रत्यक्ष असर पुग्ने गरी चर्को आवाज निकालेर हिँड्ने ती मोटरसाइकलहरूलाई प्रहरीले तत्काल नियन्त्रणमा लिएको छ।



नियन्त्रणमा लिइएका मोटरसाइकलहरूलाई आवश्यक कानुनी प्रक्रिया र जरिवानाका लागि जिल्ला प्रहरी कार्यालय गौरको हाताभित्र राखिएको छ। ट्राफिक नियम उल्लंघन गर्ने र ध्वनि प्रदूषण फैलाउने यस्ता सवारी धनीहरूलाई ट्राफिक नियम अनुसार हदैसम्मको कारबाही गरिने महतोले जनाए।

कार्यस्थलमा खटिएका ट्रा.प्र.स.नि. महतोले कानुन कार्यान्वयनमा कुनै सम्झौता नगरिने बताए । उनले भन्ने :कानुन भन्दा माथि कोही पनि छैन । कसैको पहुँच वा प्रभावको भरमा कानुन उल्लंघन गर्ने छुट कसैलाई दिइने छैन । जसले नियम मिच्छ उसले कानुनी कारबाही भोग्नैपर्छ।

पछिल्लो समय रौतहटमा सवारी दुर्घटनाका घटनाहरू बढ्दै गएपछि प्रहरीले ठाउँ-ठाउँमा चेकजाँच बढाएको हो। विशेष गरी तीव्र गतिमा चलाउने, मादक पदार्थ सेवन गरी सवारी हाँक्ने र नियम विपरीत साइलेन्सर फेरेर ध्वनी प्रदूषण गर्ने चालकहरू प्रहरीको मुख्य निसानामा परेका छन्।

यस सक्रियताले गौर नगर क्षेत्रमा हुने अव्यवस्थित सवारी आवागमनमा सुधार आउने र सडक सुरक्षामा टेवा पुग्ने विश्वास स्थानीयवासीले लिएका छन्। ट्राफिक प्रहरीले आफ्ना छोराछोरीलाई मोटरसाइकल दिँदा मोडिफाइड नगरिएको र सुरक्षित रहेको सुनिश्चित गर्न अभिभावकहरूलाई समेत आग्रह गरे ।

## पर्साको जिराभवानीमा आगलागी पीडित परिवारलाई राहत, घर निर्माणमा सहयोग गर्ने प्रतिबद्धता

*हरिकिशोर शर्मा*
*चैत, २८ पर्सा*

पर्साको जिराभवानी गाउँपालिका वडा नं. १ बलुवामा आगलागीबाट घरबारविहीन बनेको एक परिवारलाई राहत सामग्री वितरण गरिएको छ भने घर निर्माणमा सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरिएको छ। गत बिहीबार राति करिब ११:३० बजे लामखुट्टे भगाउन बालिएको मच्छर धुपबाट सल्किएको आगोले मोटर मुखिया बिनको घर पूर्ण रूपमा जलेर खरानी भएको थियो । आगलागीका कारण घरभित्र रहेका सम्पूर्ण सामग्री नष्ट भएका छन्।

जगरनाथपुरका युवा नेता बृजेश्वर चौधरीले घटनाको बारेमा जानकारी गराए पस्चात राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) का युवा नेता तथा जगरनाथपुर गाउँपालिका वडा नं. २ जानकीटोल निवासी सन्तोष कुमार पीडित परिवारको घरमै पुगेर राहत वितरण गरेका हुन्। उनले २ बोरा चामल, १ बोरा आलु, १ प्याकेट प्याज, १ बोरा चिउरा लगायतका खाद्यान्न सामग्री सहयोग गरेका छन्।

साथै, सन्तोष कुमारले आफ्नै लगानीमा पीडित परिवारका लागि नयाँ झोपडी घर निर्माण गरिदिने प्रतिबद्धता पनि जनाएका छन्।



पीडित परिवारका अनुसार, घर निर्माणका लागि लघुवित्त विकास बैंकबाट लिएको करिब ६ लाख रुपैयाँ नगदसमेत आगलागीमा जलेर नष्ट भएको छ । आगोमा परी चार वटा बाख्रा र एक गाईको समेत मृत्यु भएको जनाइएको छ।

त्यसैगरी लत्ताकपडा, भाँडाकुँडा, दराज, बाकस तथा खाद्यान्न कलाकार सबै सरसामान पूर्ण रूपमा नष्ट भएका छन्। हाल पीडित परिवार अत्यन्तै कठिन अवस्थामा रहेको र थप सहयोगको खाँचो रहेको स्थानीयले बताएका छन् ।स्थानीयवासी तथा सहयोगी मनहरूले सम्भव भएसम्म सहयोग गरी पीडित परिवारलाई राहत पुऱ्याउन अपिल गरिएको छ पुर्ब वडा अध्यक्ष शेख नुमान आजमले बताएका छन् ।

**मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।**

पान नं. - २०१३१७६९७
संम्पर्क नः ९८०७१९८५१६

विद्यालय कोडनः- ३३०७९०००१

**श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय**
धुरहा
देवताल गा.पा.-०५,वारा
स्था:२०२२

पत्र संख्या: २०८२/०८३
चालानी नः ६४
मिति:२०८२/१२/२७

सूचना। सूचना। सूचना।

विषय : यस विद्यालयको जिर्ण दुई कोठे सेड भवन वढावढ प्रक्रियावाट लिलाम विक्री गर्ने सम्वन्धी सूचना ।

उपरोक्त सम्वन्धमा यस विद्यालयको मिति २०८२/१२/०३ गतेको र देवताल गाउँपालिकाको मिति २०८२ / १२ /२३ गतेको निर्णयानुसार यस विद्यालयको हाता भित्र रहेको यस विद्यालयको जिर्ण दुई कोठे सेड भवन वढावढ लिलाम विक्री गर्न न्यूनतम मूल्य रकम रु. २,५३,४८९.५८ (अक्षरेपी दुई लाख तीरपन्न हजार चार सय उनान्वे रुपैया अन्ठाउन्न पैसा मात्र) वाट डॉक वढावढ गरी लिलाम प्रक्रिया गर्नुपर्ने भएकोले उक्त सेंड भवनको आफ्नैखर्च वाट भत्काई, उठाई, लैजान इच्छुक व्यक्ति संघ संस्था वा कम्पनी लाई निम्न, समय र स्थानमा हुने डाक वढावढ कार्यमा सहयोगी हुन सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१) डॉक वढावढ सहभागी व्यक्तिले नेपाली नागरिकताको प्रमाण पत्र अन्य संघसंस्था वा कम्पनीहरुको रित्तपूर्वक कागजात पेश गरी क्रमिक रुपमा नाम दर्ता गरी वढावढ वोल-कवोल रकम वोल्नु पर्नेछ ।
२) डाक वोल्दा न्युनतम मूल्य वाट शुरु गर्नुपर्ने छ र डाक वोल्नु अघि नै न्यूनतम मूल्यको ५% ले हुने रकम नगदै धरौटी रकम जारी गरी मात्र वोल्नु पर्दछ ।
३) प्रत्येक पटक डाक वोल्न चाहने व्यक्तिवाट डाक वढ्दै गएमा सोही अनुपातमा थप मूल्य ५ % ले हुने गरी नगद धरौटी रकम जम्मा गरी मात्र वोल्नु पर्दछ ।
४) अन्तिम अंक कायम गरीसकेपछि डांक स्वीकृत भएको व्यक्ति, संघ, संस्था वा कम्पनीले सात दिन भित्र वोल कवोल गरेको रकम विद्यालयको खातामा दाखिला गरी सेडभवन भत्काई लैजान कायदिश लिनुपर्नेछ ।
५) डॉक स्वीकृत भएपश्चात म्याद भित्र वोलकवोल रकम जम्मा गर्न नआएपछि धरौटी रकम जफत गरी क्रमश, दोस्रो तेस्रो लाई प्राथमिकता क्रम अनुसार वोल पत्र रकम जम्मा सम्झौता गर्न आउन सूचना गरिने छ ।
(६) लिलाम सकार गरेको जिर्ण भवन (सेड) को इटा फलाम जस्तापाता आदि सम्झौता भएको एक महिना भित्र भत्काई उठाई लैजानु पर्ने छ ।
७) डॉक वढावढ हुने मिति, समय र स्थान २०८३ / ०१ / ०४ गते शुक्रवार दिनको १:०० वजे देखि ३ : ०० वजे सम्म यस विद्यालयको कार्यालयमा हुने छ ।

बोधार्थ :
(१) जिल्ला प्रशासन कार्यालय कलैया वारा ।
२) कोष तथा लेखा नियन्त्रण कार्यालय कलैया, वारा ।
३) भुमिसुधार तथा मालपोत कार्यालय कलैया बारा ।
४) शिक्षा विकास तथा समन्वय इकाई कलैया वारा ।
५) देवातल गाउँकार्यपालिकाको कार्यालय पिप्राढी गोठ वारा ।
(६) देवताल गाउँपालिका वडा नं. ५ पिप्राढी वारा ।

राजकुमार प्रसाद यादव
प्रधानाध्यापक
श्री ने.रा.आ.विधालय
धुरहा (बारा)

## कलैयामा मानव अधिकार रक्षकको अवस्था विषयक छलफल सम्पन्न, सुरक्षाको सुनिश्चिततामा जोड

*बारा, २८ चैत*

मानव अधिकार रक्षकहरूको अवस्था, चुनौती तथा सरोकारवालाहरूको भूमिकाबारे केन्द्रित एक महत्वपूर्ण छलफल कार्यक्रम कलैयामा सम्पन्न भएको छ। "मानव अधिकार रक्षकको अवस्था तथा सवाल र सरोकारवालाहरूको भूमिका" विषयमा आयोजित कार्यक्रममा मानव अधिकार क्षेत्रमा क्रियाशील विभिन्न संघ-संस्था, सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधि तथा सम्बन्धित सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

कार्यक्रममा सहभागीहरूले नेपालमा मानव अधिकार रक्षकहरूले भोगिरहेका चुनौती, जोखिम तथा उनीहरूको सुरक्षाको वर्तमान अवस्थाबारे गम्भीर रूपमा छलफल गरेका थिए । उनीहरूले अधिकारकर्मीहरू विभिन्न प्रकारका दबाब, धम्की तथा असुरक्षाको सामना गर्न बाध्य भएको उल्लेख गर्दै उनीहरूको संरक्षणका लागि राज्यले प्रभावकारी नीति तथा



कार्यक्रम ल्याउनुपर्ने आवश्यकता औँल्याए ।

कार्यक्रमकी प्रमुख अतिथि जिल्ला प्रशासन कार्यालय बाराकी प्रशासकीय अधिकृत मनिषा कर्णले मानव अधिकार रक्षकहरू समाजमा न्याय, समानता र अधिकारको सुनिश्चितताका लागि अग्रपंक्तिमा क्रियाशील रहेको बताउँदै उनीहरूको योगदानको प्रशंसा गरिन् । उनले अधिकारकर्मीहरूले विभिन्न चुनौती र दबाबबीच काम गर्नुपरेको यथार्थ स्वीकार गर्नुपर्ने धारणा राखिन् । विशेषगरी महिला अधिकार रक्षकहरू अझ बढी जोखिममा रहेको उल्लेख गर्दै उनीहरूको सुरक्षा, सम्मान र

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुबे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


# सम्पादकीय..........

## स्वार्थ, गुटबन्दी र चाप्लुसीको छायाँमा पत्रकार महासंघ

नेपालको पत्रकारिता क्षेत्रको मेरुदण्ड मानिने नेपाल पत्रकार महासंघ आज आफ्नै मूल्य-मान्यतामाथि प्रश्न उठ्ने अवस्थासम्म पुगेको देखिन्छ । पत्रकारहरुको हकहित, स्वतन्त्रता र पेशागत मर्यादाको रक्षा गर्ने उद्देश्यले स्थापित यस संस्थाका विभिन्न शाखाहरुमा पछिल्लो समय देखिएका प्रवृत्तिहरुले गम्भीर चिन्ता जन्माएको छ ।

महासंघका कतिपय शाखाहरु स्वार्थ समूह, गुटगत राजनीति र चाप्लुसीको प्रभावमा सञ्चालन भइरहेको आरोप केवल सामान्य गुनासो होइन, संस्थागत विश्वसनीयतामाथिको चुनौती हो । नेतृत्व चयनदेखि कार्यक्रम सञ्चालनसम्म सीमित समूहको नियन्त्रण देखिनु लोकतान्त्रिक अभ्यासको विपरीत हो । यस्तो प्रवृत्तिले योग्य, सक्रिय र इमान्दार पत्रकारहरुलाई पाखा लगाउने मात्र होइन, संस्थालाई कमजोर बनाउने काम गर्छ । विशेषगरी निर्णय प्रक्रियामा पारदर्शिताको अभाव, आर्थिक गतिविधिमा अस्पष्टता र अवसर वितरणमा पक्षपातजस्ता विषयहरुले संस्थाको छविलाई धूमिल बनाइरहेका छन् । तालिम, भ्रमण वा अन्य अवसरहरुमा गुटगत आधारमा छनोट हुनु भनेको पेशागत निष्पक्षताको मर्ममाथि प्रहार गर्नु हो । पत्रकारिताजस्तो संवेदनशील क्षेत्रभित्र यस्ता व्यवहारले दीर्घकालीन नकारात्मक प्रभाव पार्न सक्छ । अर्कोतर्फ, चाप्लुसी र व्यक्तिगत निकटताका आधारमा जिम्मेवारी बाँडिने प्रवृत्ति झन् चिन्ताजनक छ । यसले केवल व्यक्तिगत मनोवृत्ति झल्काउने मात्र होइन, संस्थागत संस्कारको गिरावट पनि संकेत गर्छ । यस्ता गतिविधिले नयाँ पुस्ताका पत्रकारहरुलाई निरूत्साहित बनाउने र पत्रकारितामा व्यावसायिकता कमजोर पार्ने जोखिम बढाउँछ । यदि यथास्थितिलाई समयमै सुधार गर्न सकिएन भने महासंघप्रति आम पत्रकारहरुको विश्वास घट्ने खतरा वास्तविक छ । संस्थाप्रति विश्वास कमजोर हुनु भनेको सम्पूर्ण पत्रकारिता क्षेत्र नै कमजोर हुनु हो ।

अब आवश्यक छ–आत्मसमीक्षा र सुधारको स्पष्ट कदम । महासंघभित्र पारदर्शिता, निष्पक्षता र उत्तरदायित्वलाई कडाइका साथ लागू गर्नुपर्छ । नेतृत्व तहले गुटगत स्वार्थभन्दा माथि उठेर संस्थालाई साझा पेशागत हिततर्फ उन्मुख गराउनुपर्नेछ ।

अन्ततः, पत्रकार महासंघ कुनै व्यक्तिको वा समूहको स्वार्थ पूरा गर्ने थलो होइनह्य यो सम्पूर्ण पत्रकारहरुको साझा आवाज हो । यसलाई त्यही स्वरुपमा पुनर्स्थापित गर्न सकिए मात्र पत्रकारिताको गरिमा र विश्वसनीयता जोगिन सक्छ ।

# परिवर्तनको आँधीमा नयाँ आशा



ब्रबिम कार्की

नेपालको हालै सम्पन्न निर्वाचन ऐतिहासिक साबित भएको छ । यो निर्वाचन एउटा ठूलो राजनीतिक मोडबिन्दु हो । बालेन्द्र शाह र उनको पार्टीले जित हासिल गरे । राष्ट्रिय स्वतन्त्र पार्टीले भारी मत पायो । यो जितले नेपालको राजनीति पूरै उल्टाइदिएको छ । नेपाल अहिले महत्वपूर्ण भू-राजनीतिक मोडमा उभिएको छ । भारत, चीन र अमेरिकाको यहाँ आफ्नै स्वार्थ छ । बालेन अहिले देशमा परिवर्तनको बलियो प्रतीक बनेका छन् । उनले पुरानो राजनीतिक वर्गको विरासत ध्वस्त पारे । अब उनी प्रधानमन्त्री बन्ने स्पष्ट बाटोमा छन् ।

नयाँ सरकारका सामु ठूला चुनौतीहरू छन् । तीन ठूला शक्तिसँग सन्तुलित सम्बन्ध राख्नुपर्नेछ । औपचारिक तटस्थता जोगाउनु यो सरकारको मुख्य दायित्व हो । कसैको पक्षमा धेरै झुक्नु नेपालको लागि घातक हुन्छ। यो पार्टी मात्र चार वर्षअघि स्थापना भएको थियो । यसले नेपालको निर्वाचन इतिहासमा नयाँ रेकर्ड राख्यो । पार्टीले २७५ मध्ये १८२ सिटमा जित निकाल्यो । यो जनादेश निकै शक्तिशाली र व्यापक देखिएको छ । झापा-५ मा बालेनले पूर्वप्रधानमन्त्रीलाई ठूलो अन्तरले हराए । केपी शर्मा ओलीको पराजयले धेरैलाई अचम्मित बनाएको छ । नेपालमा वर्षौंदेखि तीनवटा ठूला दलहरू मात्र थिए । कांग्रेस, एमाले र माओवादीले सत्ताको चक्र चलाइरहेका थिए । जनतामा पुराना दलप्रति निकै ठूलो रिस थियो । उनीहरूले यसपालि घण्टी बजाएर आफ्नो आक्रोश पोखे । धेरैले यो पार्टीले जित्ने अनुमान गरेका थिए । तर यस्तो भारी बहुमत आउने कल्पना कसैले गरेनन् ।

सन् २००८ मा नेपालमा राजतन्त्रको अन्त्य भयो । त्यसपछि सरकारहरू निकै छिटो फेरबदल भइरहेका छन् । कुनै पनि सरकारले पूरा कार्यकाल काम गरेनन् । जताततै भ्रष्टाचारका गम्भीर र डरलाग्दा आरोपहरू लागे । नातावादको जालोले देशको विकासलाई निकै गाँजेको छ । कमजोर सेवा प्रवाहले जनताको विश्वास पूरै गुमेको थियो । युवा बेरोजगारीको समस्या अझै पनि उस्तै विकराल छ । यसले लाखौं युवालाई विदेश पलायन हुन बाध्य पाऱ्यो । उनीहरू आफ्नो भविष्य खोज्न मरुभूमिमा पसिना बगाउँदैछन् । त्यसैले यो पटक मतमार्फत व्यवस्थाप्रति आक्रोश पोखिएको हो ।

मतदाताले पुराना अनुहारलाई घर पठाउने निर्णय गरे । अब बालेन र उनको पार्टीको असली चुनौती सुरु भएको छ । निर्वाचनको उत्साहलाई अब प्रभावकारी शासनमा बदल्नुपर्छ । विदेश नीति सञ्चालन गर्न झन् चुनौतीपूर्ण हुने देखिन्छ । नेपाल दुई ठूला शक्ति राष्ट्रहरूको बीचमा छ । भारत र चीन दुवैको यहाँ रणनीतिक स्वार्थ छ । भूगोलका कारण सन्तुलन कायम गर्नु नेपालको बाध्यता हो । अबको कूटनीतिमा स्पष्टता र पूर्वानुमान हुनुपर्छ। भारतसँग नेपालको खुला सिमाना र घनिष्ट सम्बन्ध छ। आर्थिक र सामाजिक सम्बन्धका कारण नेपाल संवेदनशील छ । काठमाडौंमा स्थिर सरकार हुनु भारतको व्यावहारिक आवश्यकता हो । स्पष्ट बहुमतको सरकारले अडकएका कामहरू गर्न सक्छ । कनेक्टिभिटी र पूर्वाधारका आयोजनाहरू अब अघि बढ्नुपर्छ । सीमा व्यवस्थापनमा पनि दुई देशबीच समन्वय आवश्यक छ ।

नयाँदिल्लीले पनि अब नयाँ नेतृत्वसँग संवाद गर्नुपर्छ । उसले नेपालको सार्वभौमिकताको सधैं सम्मान गर्नुपर्ने देखिन्छ। बालेनको जितले कूटनीतिमा नयाँ सन्देश दिएको छ । अब 'प्रो-इन्डिया' वा 'प्रो-चाइना' लेबलहरू चल्ने छैनन् । नेपालले अब सम्मानजनक द्विपक्षीय साझेदारीमा जोड दिनेछ । यसको मुख्य केन्द्रमा अब आर्थिक कूटनीति हुनुपर्छ । बालेनले 'नेपाल पहिले'को शक्तिशाली नारा दिएका थिए । यसैले गर्दा युवा मतदाताहरू उनीहरूप्रति निकै आकर्षित भए । बालेनले सधैं पारदर्शिता र जवाफदेहिताको कुरा गरे। नयाँदिल्लीले अब नयाँ नेतृत्वको शैली बुझ्नुपर्छ । नेपालको स्वतन्त्रताको कदर गर्दै नयाँ सोच राख्नुपर्छ । नेपाल अब आफ्नो निर्णयमा बढी मुखर देखिनेछ ।

नयाँ नेतृत्व र पार्टीका चुनौतीहरू निकै धेरै छन् । राष्ट्रियस्तरमा उनीहरूको कार्यक्षमता अझै परीक्षण भएको छैन । जनताको अपेक्षा अहिले सगरमाथा जस्तै उच्च छ। यो ठूलो जनमतलाई नतिजामा बदल्न निकै कठिन छ । नेपालमा अनेकौं संस्थागत र कानुनी बाधाहरू छन् । ती बाधा हटाएर काम गर्नु नै ठूलो चुनौती हो । भ्रष्टाचार विरोधी प्रतिबद्धता अब व्यवहारमा देखिनु आवश्यक छ ।

चीनको सहभागिता पनि नेपालमा निकै बढ्दो क्रममा छ । बेल्ट एन्ड रोड इनिसिएटिभमार्फत लगानी भइरहेको छ। यसले नेपालको पूर्वाधार विकासमा प्रभाव पारिरहेको देखिन्छ । अमेरिका पनि मिलेनियम च्यालेन्ज कर्पोरेसनमार्फत सक्रिय छ । उसले विकास साझेदारी र संस्थागत क्षमतामा जोड दिन्छ । नेपालले दुवैबाट फाइदा लिनुपर्छ । बाहिरी दबाबलाई घरेलु नीति बन्न दिनु हुँदैन । नेपालको राष्ट्रिय हित नै सबैभन्दा माथि हुनुपर्छ। यसका लागि नेतृत्वले निकै दह्रो पहल लिनुपर्छ। अन्तर्राष्ट्रिय मञ्चमा नेपालको उपस्थिति अब बलियो हुनुपर्छ ।

कालापानी र लिम्पियाधुराको विवाद निकै पुरानो समस्या हो । यसले भारतसँगको सम्बन्धमा पटक-पटक तनाव थपेको छ। लिपुलेक पास भएर सीमा व्यापार सुरु हुँदैछ। यो व्यापार भारत र चीनबीच हुन लागेको हो । नेपालले यस क्षेत्रमा आफ्नो बलियो दाबी गरेको छ। काठमाडौंले यसबारे धेरै कूटनीतिक नोटहरू लेखिसक्यो । नयाँ सरकारका लागि यो सबैभन्दा ठूलो कूटनीतिक परीक्षा हो। विवादित क्षेत्रको समस्या अब स्थायी रूपमा समाधान हुनुपर्छ । उच्चस्तरीय संवादमार्फत मात्र निकास निकाल्न सम्भव छ। राष्ट्रिय अखण्डतामा कुनै पनि सम्झौता हुनु हुँदैन। लिपुलेखको विषयमा नेपालले आफ्नो अडान स्पष्ट राख्नुपर्छ । दुवै छिमेकीसँग यस विषयमा गम्भीर छलफल आवश्यक छ ।

नयाँ नेतृत्व र पार्टीका चुनौतीहरू निकै धेरै छन् । राष्ट्रियस्तरमा उनीहरूको कार्यक्षमता अझै परीक्षण भएको छैन । जनताको अपेक्षा अहिले सगरमाथा जस्तै उच्च छ। यो ठूलो जनमतलाई नतिजामा बदल्न निकै कठिन छ । नेपालमा अनेकौं संस्थागत र कानुनी बाधाहरू छन्। ती बाधा हटाएर काम गर्नु नै ठूलो चुनौती हो । भ्रष्टाचार विरोधी प्रतिबद्धता अब व्यवहारमा देखिनु आवश्यक छ । आर्थिक पुनरुत्थान नै यो सरकारको पहिलो प्राथमिकता हो । सार्वजनिक सेवामा देखिने गरी ठूलो सुधार ल्याउनुपर्छ । जनताले परिवर्तनको महसुस घरदैलोमा गर्न पाउनुपर्छ ।

निष्कर्ष : यो जित केवल मतको सामान्य संख्यामात्र होइन। यो त नेपाली जनताको गहिरो आशाको प्रतीक हो । वर्षौंदेखिको अन्यायविरुद्ध यो एउटा मौन विद्रोह हो । अब बालेनको काँधमा इतिहासकै ठूलो जिम्मेवारी आएको छ । राष्ट्रियस्तरमा उनको नेतृत्वको अझै कडा परीक्षा हुन्छ । जनताको अपेक्षालाई शासनमा बदल्न निकै मेहनत चाहिन्छ। नेपालमा विद्यमान पुराना परिपाटीहरू भत्काउन सहज छैन। भ्रष्टाचार विरोधी अभियान अब हरेक तहमा पुग्नुपर्छ । आर्थिक सुधारका लागि नयाँ र साहसिक कदम चाहिन्छ । सार्वजनिक सेवालाई प्रविधिमैत्री र छिटो बनाउनुपर्ने देखिन्छ । सुशासनबिना यो ऐतिहासिक जितको कुनै अर्थ रहँदैन ।

बेरोजगारी अन्त्य गर्नु नै यो सरकारको मुख्य लक्ष्य हो । स्वदेशमै रोजगारी सिर्जना गरेर युवा शक्तिलाई रोक्नुपर्छ । वैदेशिक सम्बन्धमा पनि स्थिरता र परिपक्वता कायम हुनुपर्छ । बाह्य शक्तिसँगको व्यवहारमा नेपाल सधैं सचेत हुनुपर्छ । बालेनको जितले देशलाई एउटा नयाँ बाटो देखाएको छ । अबका दिनमा गर्ने कामले नै भविष्य निर्धारण गर्नेछ। यदि सरकार सफल भयो भने नेपाल साँच्चै फेरिनेछ । सुशासन र स्थिरता नै सफलताको मुख्य कसी हुनेछ। यो एउटा स्वर्णिम अवसर र कठिन चुनौती हो। नेपाली इतिहासले अब नयाँ पाना कोर्न सुरु गरिसकेको छ। जनताले परिवर्तनको वास्तविक स्वाद अब पाउनुपर्छ । सबैको नजर अब नयाँ सरकारको काममा छ। यो घडी नेपालका लागि निकै महत्वपूर्ण साबित हुनेछ।

नयाँ नेतृत्व र पार्टीका चुनौतीहरू निकै धेरै छन् । राष्ट्रियस्तरमा उनीहरूको कार्यक्षमता अझै परीक्षण भएको छैन । जनताको अपेक्षा अहिले सगरमाथा जस्तै उच्च छ। यो ठूलो जनमतलाई नतिजामा बदल्न निकै कठिन छ । नेपालमा अनेकौं संस्थागत र कानुनी बाधाहरू छन् । ती बाधा हटाएर काम गर्नु नै ठूलो चुनौती हो । भ्रष्टाचार विरोधी प्रतिबद्धता अब व्यवहारमा देखिनु आवश्यक छ ।




## अन्तराष्ट्रिय समाचार

# कोलम्बिया-इक्वेडर व्यापार युद्ध चर्कियो

***बोगोटा-*** दक्षिण अमेरिकाका दुई छिमेकी मुलुक कोलम्बिया र इक्वेडरबीच जारी व्यापार तनाव थप चर्किएको छ।

इक्वेडरले कोलम्बियाली सामानमा कर बढाएको भोलिपल्ट नै कोलम्बियाले पनि प्रतिउत्तरस्वरूप इक्वेडरबाट आयात हुने वस्तुमा १०० प्रतिशतसम्मको भन्सार शुल्क लगाउने निर्णय गरेको जनाएको छ।




कोलम्बियाको वाणिज्य मन्त्रालयका अनुसार यो कदम प्रत्यक्ष रूपमा इक्वेडरको निर्णयको प्रतिक्रिया हो। बिहीबार इक्वेडरले कोलम्बियाली वस्तुमा लगाइँदै आएको ५० प्रतिशत करलाई बढाएर १०० प्रतिशत पुऱ्याएको थियो। त्यसको जवाफमा कोलम्बियाले पनि समान स्तरको शुल्क लागू गरेको हो।

दुवै देशबीच केही महिनादेखि व्यापारिक विवाद चल्दै आएको छ। इक्वेडरका राष्ट्रपति डेनियल नोबोआले कोलम्बियाका राष्ट्रपति गुस्ताभो पेट्रोले साझा सीमामा लागुऔषध तस्करी र अवैध खनन नियन्त्रण गर्न नसकेको आरोप लगाउँदै आउनुभएको छ। यही विषयले दुई देशबीचको सम्बन्धलाई थप तनावपूर्ण बनाएको छ।

कर वृद्धि मात्र नभई कूटनीतिक सम्बन्धमा पनि असर परेको छ। इक्वेडरको निर्णयपछि कोलम्बियाले आफ्नो राजदूतलाई बोगोटा फिर्ता बोलाएको छ।

वर्षको सुरुदेखि नै इक्वेडरले चरणबद्ध रूपमा भन्सार शुल्क बढाउँदै आएको र त्यसको जवाफमा कोलम्बियाले पनि पारस्परिक भन्सार शुल्क लागू गर्दै आएको देखिन्छ। यो सुरुमा ३० प्रतिशतबाट बढ्दै १०० प्रतिशतसम्म पुगेको छ।

यद्यपि, कोलम्बियाले केही क्षेत्रलाई भने आंशिक रूपमा सहज बनाउने सङ्केत दिएको छ। राष्ट्रपति पेट्रोले औद्योगिक उत्पादनका लागि आवश्यक केही कच्चा पदार्थमा 'शून्य प्रतिशत कर' लागू गरिने उल्लेख गर्नुभएको छ, जसले घरेलु उद्योगलाई राहत दिन सक्छ।

कोलम्बियाकी वाणिज्यमन्त्री डायना मोरालेसले दुवै देशबीच कूटनीतिक प्रयासहरू लगभग समाप्त भइसकेको बताउँदै स्थिति गम्भीर बन्दै गएको संकेत गरे। यसै साता पेट्रोले इक्वेडरका पूर्वउपराष्ट्रपति जोर्ज ग्लासलाई 'राजनीतिक बन्दी' भनेपछि विवाद झन् बढेको हो।

ग्लासले २०१३ देखि २०१८ सम्म विभिन्न सरकारहरूमा सेवा गरेका थिएर गत वर्ष भ्रष्टाचारको आरोपमा १३ वर्षको जेल सजाय पाउनुभएको थियो। उहाँले जेलमा अमानवीय व्यवहार भोग्नुपरेको दाबी गर्दै आए। तनाव यति बढेको छ कि कोलम्बियाले पेरु, बोलिभिया र इक्वेडर सम्मिलित क्षेत्रीय सङ्गठन एन्डियन कम्युनिटी अफ नेसन्स (क्यान) बाट बाहिरिने सम्भावना पनि उठाएको छ। यद्यपि, क्यानले शुक्रबार दुवै देशबीच संवाद गराउने प्रयासस्वरूप कूटनीतिक बैठक आयोजना गरेको जनाएको छ।

आर्थिक दृष्टिले दुवै देश एकअर्कामा निर्भर छन्। कोलम्बियाले इक्वेडरमा मुख्य रूपमा बिजुली, औषधि, सवारी साधन, सौन्दर्य सामग्री र प्लास्टिकजन्य वस्तु निर्यात गर्छ भने इक्वेडरबाट तरकारीजन्य तेल, डिब्बाबन्द टुना, खनिज तथा धातु आयात गर्छ।

यस क्षेत्रको अर्को जटिल पक्ष लागूऔषध तस्करी पनि हो। कोलम्बिया र पेरुमा उत्पादित करिब ७० प्रतिशत कोकेन इक्वेडर हुँदै प्रशान्त महासागरका बन्दरगाहबाट बाहिरिने गरेको छ। यसले इक्वेडरलाई आपराधिक गतिविधिको केन्द्र बनाएको छ।

एक समय शान्त मानिएको इक्वेडर अहिले आपराधिक समूहहरूबीचको सङ्घर्षले प्रभावित भएको छ, जसका कारण हिंसा र हत्याका घटनामा उल्लेखनीय वृद्धि भएको छ। यस्तो अवस्थामा व्यापार युद्धसँगै सुरक्षाको चुनौतीले पनि क्षेत्रीय स्थायित्वमा थप दबाब सिर्जना गरेको छ।

# कलैयामा........

काम गर्ने वातावरण सुनिश्चित गर्नु राज्य, सरोकारवाला निकाय तथा सम्पूर्ण समाजको साझा जिम्मेवारी भएको बताइन्।

कर्णले जिल्ला प्रशासन कार्यालय बारा मानव अधिकारको संरक्षण र प्रवर्द्धनप्रति सधैं प्रतिबद्ध रहने विश्वाससमेत व्यक्त गरिन्। कार्यक्रममा अन्य वक्ताहरूले पनि मानव अधिकार रक्षकहरूको सुरक्षाका लागि स्पष्ट नीति, कानुनी संरक्षण तथा प्रभावकारी कार्यान्वयन अपरिहार्य रहेकोमा जोड दिएका थिए।

छलफलका क्रममा सहभागीहरूले मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा सञ्चारमाध्यम, नागरिक समाज तथा सरकारी निकायबीच सहकार्य र समन्वय अत्यन्त आवश्यक रहेको उल्लेख गरे। मानव अधिकार रक्षकहरूको कामलाई सहज बनाउने वातावरण सिर्जना गर्न सबै पक्ष जिम्मेवार हुनुपर्नेमा उनीहरूको जोड थियो।

कार्यक्रमले मानव अधिकारको समग्र अवस्था सुधार गर्न ठोस पहल आवश्यक रहेको निष्कर्ष निकालेको आयोजकले जनाएको छ।

साथसाथ सिकाई सञ्जाल बाराको आयोजनामा तथा कोक्याप (ऋइऋबए) र साझा विकास केन्द्रको सहकार्यमा सम्पन्न कार्यक्रममा समाजिक अभियन्ता मुनिलाल बैठाले सहजीकरण गरेका थिए।

कार्यक्रम सञ्जालकी अध्यक्ष सरस्वती खरेलको अध्यक्षतामा सम्पन्न भएको थियो भने स्वागत उपाध्यक्ष सिला जयस्वालले र सञ्चालन सचिव मिना गुप्ताले गरेकी थिइन्।

कार्यक्रममा कलैया उपमहानगरपालिकाका प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय बारा, जिल्ला बार, महिला अधिकारकर्मी तथा सञ्चारकर्मीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।


## रौटहट मेडिसिन

प्रदेशिक अस्पताल, गौर के सामने
9855021172/9816826057

प्रदेश नं.-२ मा सफल मुटु को जाली द्वारा अप्रेशन संचालन गर्ने ईन्टरभेन्सन मुटुको डाक्टर



NMC NO. 6369

## डा. जितेन्द्र कुमार मिश्रा

सह-प्राध्यापक ( Associate Professor )
हेड–मुटु रोग विभाग
नेशनल मेडिकल कालेज, वीरगंज
एम. बि. बि. एस., एम. डी.
Cardiology-Pakistan
बरिष्ठ मुटुरोग विशेषज्ञ

( १ ) मुटु सम्बन्धि सुविधाहरू:
- ECG - इ. सी. जी.
- ECHO - ईको ( मुटुको भिडियो एक्स-रे )
- TMT - ( दौडाएर मुटुको चाल हेर्ने )
- एन्जियोग्राफी ( मुटुको बन्द रक्त संचार जाँच गर्ने )
- एन्जियोपलाष्टि ( जाली द्वारा मुटुको बन्द रक्त संचार खोल्ने )
- पेस मेकर ( मुटुको चालमा गडबडी भएमा बैट्री हालेर ठिक गर्ने )

( २ ) मुटु सम्बन्धि जाँच गराउनु पर्ने अवस्थाहरू
(क) ब्लड प्रेसर भएमा ( HTN )
(ख) सुगर भएमा ( DM )
(ग) हिड्ने बेलामा छातीमा दुखे अथवा भएमा
(घ) हिडने बेलामा डम फल्ने अथवा स्याँ - स्याँ भएमा
(ङ) मुटु ढुक - ढुक भएमा


## गुजरा नगरपालिका द्वारा जनहितमा जारी सन्देश

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

**गुजरा नगरपालिकाको कार्यालय सिमरा भवानीपुर, रौतहट**

## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

**महागढीमाई नगरपालिका, बरियारपुर, बारा**

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा**

# देवतालमा समाजसेवी पवन गिरीद्वारा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न

*उपेन्द्र पासवान*
*चैत्र, २८ बारा*

बाराको देवताल गाउँपालिका वडा नं. ४ पिप्राढीमा समाजसेवी पवन कुमार गिरीको पहलमा नि:शुल्क स्वास्थ्य शिविर सफलतापूर्वक सम्पन्न भएको छ । सन लाइफ इन्स्योरेन्स, कलैया शाखाका एजेन्सी डेभलपमेन्ट म्यानेजर समेत रहेका गिरीले सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त शिविरको आयोजना गरेका हुन् ।

डा. अनुपम उपाध्यायको नेतृत्वमा आएको चिकित्सक टोलीले शिविरमा सहभागी बिरामीहरूको स्वास्थ्य परीक्षण तथा उपचार गरेको थियो । सहदेव आजीवन स्वास्थ्य, सधैं सेवाको आर्थिक सहयोगमा सञ्चालन गरिएको उक्त कार्यक्रममा विभिन्न रोगहरूको नि:शुल्क जाँच तथा परामर्श प्रदान गरिएको थियो ।








चिकित्सक टोलीमा डा. अन्जली पाण्डे, डा. पूजा यादव र डा. जयन्तको विशेष उपस्थिति रहेको थियो । शिविरमा लिभर, किड्नी, मधुमेह (चिनी), कोलेस्ट्रोल, बाथलगायत विभिन्न रोगहरूको परीक्षण तथा उपचार गरिएको थियो । यसका साथै, आवश्यक औषधिहरू समेत नि:शुल्क वितरण गरिएको आयोजकले जानकारी दिएका छन् । उक्त स्वास्थ्य शिविरबाट करिब ४ सय जना बिरामी तथा ज्येष्ठ नागरिक लाभान्वित भएका छन् । स्थानीय बासिन्दाले यस्तो सेवा पाउँदा खुशी व्यक्त गर्दै आयोजकप्रति आभार प्रकट गरेका छन् ।

# सरकारी विज्ञापन नीतिमा परिवर्तनः निजी सञ्चारमाध्यम संकटमा, बहस तीव्र

*काठमाडौं, २८ चैत*

सरकारले आफ्ना विज्ञापन अब सरकारी स्वामित्वका सञ्चारमाध्यममार्फत मात्र प्रकाशन तथा प्रसारण गर्ने निर्णय गरेपछि निजी क्षेत्रका साना तथा मझौला सञ्चारमाध्यम गम्भीर आर्थिक संकटमा पर्ने अवस्था सिर्जना भएको छ । १८ चैतमा जारी परिपत्रसँगै गैरसरकारी सञ्चारमाध्यमको प्रमुख आम्दानी स्रोत नै झन्डै बन्द हुने स्थिति देखिएको छ ।

यसअघि सरकारी विज्ञापनबाट राम्रो आम्दानी गरिरहेका सयौं पत्रपत्रिका तथा मिडिया हाउसहरू अब उक्त स्रोतबाट वञ्चित हुने भएका छन् । सरकारी सञ्चारमाध्यम गोरखापत्रले मात्र वार्षिक करिब एक अर्ब रुपैयाँ विज्ञापन आम्दानी गर्दै आएको अवस्थामा निजी क्षेत्रका धेरै मिडियाले ठूलो घाटा व्यहोर्नुपर्ने आँकलन गरिएको छ। विशेषगरी मोफसलमा सञ्चालित साना तथा स्वरोजगारमूलक सञ्चारमाध्यमहरू अस्तित्वकै संकटमा पर्न सक्ने चिन्ता व्यक्त गरिएको छ। सरकारको निर्णयप्रति मिडिया क्षेत्रभित्र मत विभाजित देखिएको छ। कान्तिपुर मिडिया ग्रुपले यसलाई "भ्रष्ट प्रणाली



अन्त्य गर्ने सकारात्मक कदम" भन्दै समर्थन जनाएको छ भने अन्य धेरै मिडिया संस्था भने विरोधमा उत्रिएका छन् । मिडिया एलायन्स नेपाल, नेपाल मिडिया सोसाइटी र नेपाल पत्रकार महासंघले संयुक्त रूपमा उक्त निर्णय प्रेस स्वतन्त्रता र समानताको अधिकारमाथि प्रहार भएको बताएका छन् ।

मिडिया प्रतिनिधिहरूका अनुसार सरकारी विज्ञापनमा निजी क्षेत्रलाई निषेध गर्नु लोकतान्त्रिक मूल्य-मान्यताविपरीत हो । यसले प्रतिपक्षी आवाज कमजोर पार्ने तथा स्वतन्त्र पत्रकारितामा नकारात्मक प्रभाव पार्ने खतरा रहेको उनीहरूको भनाइ छ। विरोधस्वरूप केही सञ्चारमाध्यमहरूले 'ब्ल्याकआउट' गर्ने प्रस्तावसमेत अघि सारेका छन् भने मोफसलका पत्रकारहरू आफ्नो रोजीरोटी नै गुम्ने चिन्तामा रहेका छन् ।

यद्यपि, विज्ञापन क्षेत्रमा देखिएका विकृति, बिचौलियाको प्रभाव र अपारदर्शितालाई नियन्त्रण गर्ने उद्देश्यले सरकारले यस्तो निर्णय लिएको बताइएको छ । विज्ञापन वितरण प्रणालीमा सुधार ल्याउने सरकारी दाबी रहे पनि यस कदमले निजी सञ्चारमाध्यमको अस्तित्व र प्रेस स्वतन्त्रतामाथि गम्भीर प्रश्न खडा गरेको छ ।

यो विषय अब राजनीतिक तथा नीतिगत तहमा थप चर्को बहसको विषय बन्ने संकेत देखिएको छ ।

# प्रादेशिक अस्पताल कलैयामा जेनजेड एण्ड युथ अफ बाराद्वारा बृहत् सरसफाई अभियान सम्पन्न

कलैया, २८ चैत

जेनजेड एण्ड युथ अफ बाराको आयोजनामा शनिबार कलैयास्थित प्रादेशिक अस्पताल परिसरमा बृहत् सरसफाई कार्यक्रम सम्पन्न गरिएको छ। संस्थाका अध्यक्ष सौरभ पाण्डे को नेतृत्वमा सम्पन्न उक्त अभियानमा जेनजेड टिमका युवाहरूको सक्रिय सहभागिता रहेको थियो ।

केही दिनअघि गरिएको अनुगमनका क्रममा अस्पताल परिसरमा सरसफाईसम्बन्धी गम्भीर समस्या देखिएपछि त्यसलाई सुधार गर्ने उद्देश्यले अभियान सञ्चालन गरिएको अध्यक्ष पाण्डेले जानकारी दिए । उनले समाजप्रति उत्तरदायी नागरिकको रूपमा सक्दो योगदान पुऱ्याउनु सबैको कर्तव्य भएको उल्लेख गर्दै यस्ता सामाजिक अभियानलाई निरन्तरता दिइने बताए ।



अभियान अन्तर्गत अस्पताल परिसरभित्र रहेका फोहरजन्य पदार्थ संकलन, झारपात सरसफाई तथा वातावरण स्वच्छ बनाउने कार्य गरिएको थियो। सरसफाई कार्यक्रमले अस्पताल आउने बिरामी तथा सेवाग्राहीलाई स्वच्छ वातावरण प्रदान गर्न सहयोग पुग्ने विश्वास लिइएको छ ।

उक्त कार्यक्रममा जेनजेड एण्ड युथ अफ बारा का सदस्यहरूका साथै कलैया उपमहानगरपालिका र अस्पताल व्यवस्थापन टिमको समेत सहकार्य रहेको थियो ।

कार्यक्रमको अन्त्यमा आयोजकले अभियान सफल बनाउन सहयोग गर्ने सम्पूर्ण युवा स्वयंसेवक, कलैया उपमहानगरपालिका तथा अस्पताल प्रशासनप्रति आभार व्यक्त गरेका छन् । साथै, आगामी दिनमा पनि सामाजिक उत्तरदायित्व अन्तर्गत यस्ता अभियानलाई निरन्तरता दिँदै जाने प्रतिबद्धता व्यक्त गरिएको छ ।

# राष्ट्रिय लोक सञ्चारकर्मी मधेश प्रदेश कमिटीको वनभोज कार्यक्रम सम्पन्न

*मानिकचन साह*
*बारा, २८ चैत*

राष्ट्रिय लोक सञ्चारकर्मी मधेश प्रदेश कमिटीद्वारा आयोजित वनभोज तथा भेटघाट कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रम चैत २८ गते शनिबार रौतहट जिल्लाको धार्मिक तथा पर्यटकीय क्षेत्र नुनथरस्थित शिव मन्दिर परिसरमा सम्पन्न गरिएको हो ।

कमिटीले मधेश प्रदेशका लोक सञ्चारकर्मीबीच आपसी भाइचारा अभिवृद्धि तथा परिचयात्मक सम्बन्ध विस्तार गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरेको जनाएको छ ।



कार्यक्रम राष्ट्रिय लोक सञ्चारकर्मी मधेश प्रदेशका अध्यक्ष क्षितिज विश्वकर्मा को अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा उपाध्यक्ष सुशिला पोखरेल चौलागाई, कोषाध्यक्ष श्रवण प्रसाद साह, सचिव प्रफुल्ल मिश्र, प्रचार-प्रसार विभाग प्रमुख कुलदिप दास, महिला विभाग प्रमुख आरती सेन्चुरी, सदस्य प्रभु प्रसाद यादव र अनिल यादव लगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको शुभारम्भमा सहभागीहरूबीच परिचयात्मक कार्यक्रम समेत सञ्चालन गरिएको थियो । सो अवसरमा अध्यक्ष विश्वकर्माले कमिटीले सञ्चालन गरेका विभिन्न गतिविधिहरूको बारेमा जानकारी गराउनुभएको थियो ।

यस प्रकारका कार्यक्रमले सञ्चारकर्मीहरूबीच आपसी सम्बन्ध सुदृढ गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# वीरगञ्जमा भव्य रुपमा सम्पन्न श्री जगन्नाथ रथ यात्रा, हजारौँ श्रद्धालुको सहभागिता

*वीरगञ्ज, २८ चैत*

वैदिक परम्पराअनुसार मनाइने श्री जगन्नाथ रथ यात्रा वीरगञ्ज मा भव्य तथा श्रद्धापूर्वक सम्पन्न भएको छ । **ISKCON** वीरगञ्जको आयोजनामा सम्पन्न उक्त रथ यात्रामा हजारौँ श्रद्धालु तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो ।

जगन्नाथ रथ यात्रा हिन्दू धर्मको एक पवित्र तथा हर्षोल्लासपूर्ण पर्व हो, जसमा भगवान् जगन्नाथ, भगवान् बलदेव तथा सुभद्रा महारानीको रथयात्रा निकालिन्छ । धार्मिक मान्यताअनुसार यस अवसरमा भगवानहरू मन्दिरबाट बाहिर निस्केर सर्वसाधारण भक्तजनलाई दर्शन तथा आशीर्वाद प्रदान गर्ने विश्वास गरिन्छ । आयोजकका अनुसार यस पर्वले समाजमा एकता, भक्ति र समानताको सन्देश प्रवाह गर्ने गर्दछ। कार्यक्रममा भव्य रथ यात्रा, मधुर भजन-कीर्तन, प्रेरणादायी आध्यात्मिक प्रवचन तथा हजारौँ सहभागीका लागि नि:शुल्क प्रसाद वितरण गरिएको थियो ।



रथ यात्रा गहवा माई पार्क बाट सुरु भई मकालु होटल, पूजन होटल, कैलाश होटल, घडीअर्वा पोखरी, गीता मन्दिर रोड हुँदै पुनः माइस्थान पार्कमा पुगेर समापन गरिएको थियो ।

उक्त रथ यात्रामा विद्यालय तथा कलेजका विद्यार्थी, व्यापारिक समुदाय, विभिन्न संघसंस्था तथा वीरगञ्जका सर्वसाधारणहरूको व्यापक सहभागिता रहेको थियो । साथै पर्सा, बारा र रौतहट जिल्लाका साथै भारतको रक्सौल क्षेत्रबाट समेत हजारौँ श्रद्धालु उपस्थित भएका थिए। कार्यक्रम शान्तिपूर्ण तथा व्यवस्थित रूपमा सम्पन्न भएको आयोजकले जनाएको छ ।

रथ यात्रा पश्चात सहभागीहरूलाई नि:शुल्क प्रसाद वितरण गरिएको थियो भने सांस्कृतिक झल्को दिने नृत्य-नाटकसमेत प्रस्तुत गरिएको थियो । कार्यक्रम इस्कॉन वीरगञ्जका प्रमुख मुक्तिनाथ साह को अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा प्रमुख अतिथिका रूपमा राजेशमान सिंह तथा वरिष्ठ समाजसेवी मुर्लीधर रुङटा को उपस्थिति रहेको थियो। साथै इस्कॉन वीरगञ्जका आयुष गिरि, गौर्सभन दास, श्याम मनोहर साहलगायतको विशेष उपस्थिति रहेको थियो ।

# वीरगञ्ज आईसीपीबाट ट्रकमा 'ढाट' असुली विवाद चर्कियो, सांसद पन्तको कडा आपत्ति

*वीरगञ्ज, २८ चैत*

एकीकृत जाँच चौकी (ICP) वीरगञ्जबाट निस्किने मालवाहक ट्रकहरूबाट 'ढाट' नाममा भइरहेको अवैध असुलीको विषय फेरि चर्किएको छ ।

गृह मन्त्रालयले यसअघि नै यस्तो असुली पूर्ण रूपमा गैरकानुनी भन्दै रोक्न निर्देशन दिएको भए पनि स्थानीय तह तथा केही समूहको संलग्नतामा रकम उठाइँदै आएको गुनासोपछि विवाद पुनः सतहमा आएको हो ।

पर्सा क्षेत्र नम्बर १ का सांसद हरि पन्तले यस विषयमा कडा आपत्ति जनाउँदै तत्काल असुली बन्द गर्न निर्देशन दिएका छन् । उनले प्रमुख जिल्ला अधिकारी भोलादहालसँग समन्वय गरी दिनमा बन्द र राति पुनः सञ्चालन भइरहेको सूचना पाइएको भन्दै यस्तो कार्य तत्काल रोक्नुपर्ने बताएका छन् ।सांसद पन्तका अनुसार भन्सारबाट निस्किने



ट्रकहरूसँग विभिन्न स्थानमा गुम्ती राखेर ५ सयदेखि १ हजार रुपैयाँसम्म असुली गरिँदै आएको छ, जुन कुनै पनि कानुनले मान्यता दिएको छैन । उनले स्थानीय तहलाई यस्तो कर उठाउने अधिकार नभएको स्पष्ट पारे । व्यवसायीहरूका अनुसार लामो समयदेखि भइरहेको यो असुलीका कारण ढुवानी लागत बढ्नुका साथै उपभोक्ता मूल्यमा समेत असर परेको छ । सांसद पन्तले यस विषयलाई प्रधानमन्त्री बालेन्द्र शाहसमक्ष उठाएपछि सरकारले पनि अवैध असुली तुरुन्त बन्द गर्न निर्देशन दिएको थियो ।

यद्यपि, निर्देशन कार्यान्वयन नभएको गुनासो आइरहेका बेला पन्तले पुनः सम्बन्धित निकायलाई कडाइका साथ कारबाही गर्न चेतावनी दिएका छन् । उनले कानुनविपरीत हुने कुनै पनि प्रकारको असुली सह्य नहुने बताएका छन् ।

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका